आकाशवाणी हो।

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

September 23rd, 2024 Monday

**प्रमुख समाचार:**

- एक्काइसौं शताब्दी प्रविधिको शताब्दी भएको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- जम्मू कश्मीरमा विधानसभा चुनावको दोस्रो चरणको प्रचार आज साँझ समाप्त
- छिमेकी राष्ट्र श्रीलंकामा अनुरा कुमारा दिसानायकेद्वारा नवौं राष्ट्रपतिको रूपमा सपथ ग्रहण
- अनि किरण राव द्वारा निर्देशित चलचित्र लापता लेडीजले ओस्कार २०२५ मा भारतको प्रतिनिधित्व गर्ने

PM Visit and CEO Round Table

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले २१ औं शताब्दी प्रविधिको शताब्दी भएको बताउनुभएको छ । उहाँले प्रविधि र लोकतन्त्रबीच सन्तुलन ल्याउनु अहिलेको आवश्यकता भएको बताउनुभयो। न्यूयोर्कमा अग्रणी प्रविधि कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगको गोलमेज बैठकमा प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो। उहाँले प्रविधिविनाको लोकतन्त्रले संकटको वातावरण सिर्जना गर्ने बताउनुभयो । प्रधानमन्त्रीले भारत प्रतिभा, लोकतन्त्र र बजारको देश हो भन्नुभयो। उहाँले विश्व चुनौतीलाई सम्बोधन गर्न भारत र अमेरिकाका प्रविधि कम्पनीहरूले मिलेर महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। सेमीकन्डक्टर उद्योगमा भारत सरकारले १५ अर्ब डलर लगानी गरेको प्रधानमन्त्रीले बताउनुभयो । श्री मोदीले आफ्नो तेस्रो कार्यकालमा भारतले विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न हरसम्भव प्रयास गर्ने बताउनुभयो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज संयुक्त राष्ट्र महासभामा शिखर सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ। सम्मेलनका क्रममा प्रधानमन्त्री श्री नरेन्द्र

मोदीले नेपालका प्रधानमन्त्री, कुवेतका युवराज र प्यालेस्टाइनका राष्ट्रपतिसित छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको छ।

## Parliament Conference

दशौं राष्ट्रमण्डल संसदीय संघ भारत क्षेत्रीय सम्मेलन आज नयाँ दिल्लीमा सुरु भएको छ। दुई दिने सम्मेलनको अध्यक्षता लोकसभा अध्यक्ष श्री ओम बिरलाले गर्नुभयो। श्री बिरला यस संस्थाका अध्यक्ष पनि हुनुहुन्छ। सम्मेलनमा राज्य र केन्द्र शासित प्रदेश व्यवस्थापिकाका पिठासीन अधिकारी, सभापति, अध्यक्ष र उपसभापतिहरू सहभागी छन्। सम्मेलनको नारा 'दिगो र समावेशी विकास हासिल गर्न विधायिका निकायको भूमिका' रहेको छ। यस अवसरमा लोकसभा अध्यक्ष श्री ओम बिरलाले बदलिँदो परिदृष्यलाई ध्यानमा राख्दै जनताको अपेक्षा र आकांक्षा पूरा गर्न देशका विधायिका निकायलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रविधि र सञ्चार माध्यम जनताको जीवनको अभिन्न अंग बनेको बताउनुभयो।

## J & K Election

जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको प्रचार आज साँझ समाप्त भयो। यस चरणमा सेप्टेम्बर २५ मा पाँच जिल्लाका २६ विधानसभा सिटका लागि मतदान हुँदैछ। मतगणना अक्टोबर ८ मा हुनेछ। यसैबीच राजनीतिक दलले दोस्रो र तेस्रो चरणको चुनावी प्रचारप्रसारलाई तीव्र पारेका छन्।

## SC POCSO Madras HC

सर्वोच्च अदालतले बालबालिकासँग सम्बन्धित अश्लील भिडियो हेर्नु पोक्सो ऐनको उल्लङ्घन भएको बताएको छ। सर्वोच्च अदालतले देशका सबै अदालतहरूलाई कुनै पनि न्यायिक आदेश वा निर्णयमा चाइल्ड पोर्नोग्राफी शब्द प्रयोग नगर्न निर्देशन दिएको छ। मद्रास उच्च अदालतको फैसला खारेज गर्दै

सर्वोच्चले आज यस्तो निर्देशन दिएको हो । मद्रास उच्च न्यायालयको फैसलामा बालबालिकासँग सम्बन्धित अश्लील भिडियो हेर्नुलाई पोक्सो ऐनको दायरामा नआउने भनिएको थियो ।

Rajnath – Sainik School

रक्षामन्त्री श्री राजनाथ सिंहले भारतीय सेनालाई बलियो बनाउन सैनिक विद्यालयले महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभएको छ । आज जयपुरमा नयाँ सैनिक स्कूलको उद्घाटन समारोहमा बोल्दै श्री सिंहले राजस्थान आफ्नो संस्कृति र बहादुरीका लागि परिचित छ भन्नुभयो। यो सैनिक विद्यालय चालु शैक्षिक सत्रदेखि सञ्चालनमा आएको हो ।

Atishi – Delhi CM

आम आदमी पार्टीकी नेतृ आतिशीले आज दिल्लीको मुख्यमन्त्रीको पदभार ग्रहण गर्नुभएको छ । दिल्लीका उपराज्यपाल श्री वीके सक्सेनाले गत हप्ता अतिशी र उहाँको मन्त्रिपरिषद्लाई पदको सपथ गराउनुभएको थियो। आतिशी कालकाजी विधानसभा सीटबाट विधायक हुनुहुन्छ। उहाँ भाजपाकी सुष्मा स्वराज र कांग्रेसकी शीला दीक्षितपछि दिल्लीको तेस्रो महिला मुख्यमन्त्री बन्नुभएको छ।

PM Jan Arogya

प्रधानमन्त्री जन आरोग्य योजना-आयुष्मान भारतले आज ६ वर्ष पूरा गरेको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०१८ मा आजकै दिन झारखण्डको राँचीमा यो योजना सुरु गर्नुभएको थियो। यस योजनाको उद्देश्य प्रत्येक परिवारलाई वार्षिक रु ५ लाखसम्मको स्वास्थ्य बीमा उपलब्ध गराउने रहेको छ । १२ करोड ३७ लाख परिवारका करिब ५५ करोड मानिसले यो योजनाको लाभ लिइरहेका छन् ।

Defence - NCC

रक्षा राज्यमन्त्री सञ्जय सेठले राष्ट्रिय क्याडेट कोर-एनसीसीले राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। श्री सेठले आज नयाँ दिल्लीमा संयुक्त राज्यका प्रतिनिधिहरू र उपमहानिर्देशकहरूको सम्मेलनको उद्घाटन गर्नुभयो। उहाँले एनसीसीले अनुशासित, जिम्मेवार र उत्साहित युवा नागरिकलाई आकार दिन मद्दत गर्ने बताउनुभयो। उहाँले हालै सरकारले एनसीसी क्याडेटको दरबन्दी तीन लाख पुऱ्याउने योजना स्वीकृत गरेको जानकारी दिनुभयो। आगामी वर्षहरूमा यसको संख्या १७ लाखबाट बढेर २० लाख पुग्ने छ। यस विस्तारमा पूर्व सैनिकलाई पनि एनसीसी प्रशिक्षकको रुपमा समावेश गरिने उहाँले बताउनुभयो।

## Navika Sagar Abhiyan

भारतीय नौसेनाका दुई अधिकारी नाविका सागर परिक्रमा अभियानको दोस्रो संस्करण अन्तर्गत विश्व परिक्रमा गर्न जाने भएका छन्। नयाँ दिल्लीमा उद्घाटन समारोहमा बोल्दै भाइस एडमिरल कृष्ण स्वामीनाथनले भारतीय नौसेनाको जहाज तारिणी, लेफ्टिनेन्ट कमाण्डर ए. रूपा र लेफ्टिनेन्ट कमाण्डर के. डिल्नासँग चुनौतीपूर्ण अभियानमा निस्किने बताउनुभयो। उहाँले यो अभियानलाई अक्टोबर २ मा गोवामा एडमिरल दिनेश त्रिपाठीद्वारा प्रस्थान गराइने जानकारी दिनुभयो।। भाइस एडमिरल स्वामीनाथनले नाविका सागर परिक्रमाको दोस्रो चरणलाई सशक्तिकरण, नवीनता र भारतको समुद्री सम्पदाप्रति प्रतिबद्धताको यात्राको रूपमा वर्णन गर्नुभयो।

## Sri Lanka PM

नेशनल पिपुल्स पावर पार्टीकी नेतृ अनुरा कुमारा दिसानायकेले श्रीलंकाको नवौं राष्ट्रपतिका रूपमा आज सपथ ग्रहण गर्नुभएको छ। राष्ट्रपतिको सचिवालयमा आज बिहान सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको हो। दिसानायकेले विपक्षी दलका नेता सजित प्रेमदासालाई कडा प्रतिस्पर्धामा पराजित गर्नुभएको थियो। प्रधानमन्त्री श्री मोदीले श्रीलंकाको राष्ट्रपति चुनावमा विजयी भएकोमा अनुरा दिसानायकेलाई बधाई दिनुभएको छ।

## Chattisgarh – Lighting

छत्तीसगढमा आज चट्याङ लागेर आठ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा विद्यालयका चार बालबालिका पनि रहेका छन्। घटना राजनन्दगाउँ जिल्लाको सोमनी क्षेत्रमा भएको हो। मुधिपर र जोरातराई गाउँको बीचमा सडक छेउमा रहेको रुखको छेउमा केही मानिस वर्षाबाट ओत लाग्न उभिरहँदा चट्याङ परेको थियो। यस घटनामा आठ जनाको घटनास्थलमै मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। खबर पाएलगत्तै प्रहरी र प्रशासनको टोली घटनास्थलमा पुगेको थियो।

## Oscar Nomination

चलचित्र निर्माता किरण रावको चलचित्र लापता लेडीजलाई ओस्कार २०२५ को सर्वश्रेष्ठ विदेशी चलचित्रको विधामा भारतको आधिकारिक प्रविष्टिको रूपमा चयन गरिएको छ। असमिया निर्देशक जाह्नु बरुआको नेतृत्वमा १३ सदस्यीय समितिले आमिर खान र किरण रावले निर्माण गरेको यस चलचित्रलाई सर्वसम्मतिले निर्णय गरेको भारतीय चलचित्र महासंघले पुष्टि गरेको छ।

## **यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

- एक्काइसौं शताब्दी प्रविधिको शताब्दी भएको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
- जम्मू कश्मीरमा विधानसभा चुनावको दोस्रो चरणको प्रचार आज साँझ समाप्त
- छिमेकी राष्ट्र श्रीलंकामा अनुरा कुमारा दिसानायकेद्वारा नवौं राष्ट्रपतिको रूपमा सपथ ग्रहण
- अनि किरण राव द्वारा निर्देशित चलचित्र लापता लेडीजले ओस्कार २०२५ मा भारतको प्रतिनिधित्व गर्ने